इमेलः moiaffairsandlaw7@gmail.com
टोल फ्रि नं. १६६०९१५६६८८
फोन नं. ०९१-५२६६८८,
५२६९३४
एक्सटेन्सन नं. ५२६६८८
फ्याक्स नं. ०९१-५२४८२८


## सुदूरपश्चिम प्रदेश सरकार
# आन्तरिक मामिला तथा कानून मन्त्रालय
## धनगढी, कैलाली, नेपाल

पत्र संख्या २०८३।८४(प्रशासन)
चलानी नं.

मिति २०८३।५।२२ गते

**मनसुनजन्य विपद्को जोखिम न्यूनीकरण, उच्च सतर्कता र सुरक्षा प्रबन्धका लागि अनुरोध**

सुदूरपश्चिम प्रदेशमा सक्रिय मनसुनका कारण उत्पन्न हुन सक्ने बाढी, पहिरो, डुबान तथा अन्य प्राकृतिक प्रकोपका घटनाहरूबाट नागरिकको जीवन र सम्पत्तिको सुरक्षामा समन्वय, सहकार्य गर्न मन्त्रालय संवेदनशील रहेको र मनसुनजन्य विपद्को जोखिम उच्च रहेका संवेदनशील क्षेत्रहरूमा बसोबास गर्नुहुने सम्पूर्ण नागरिकहरूलाई थप सतर्कता र सावधानी अपनाउन मन्त्रालय हार्दिक अनुरोध गर्दछ।

हालैका दिनहरूमा यस प्रदेशका विभिन्न जिल्लाहरूमा प्राकृतिक प्रकोपका घटनाहरूबाट क्षति भइरहेको छ। विशेष गरी भदौ २० गते दार्चुला जिल्लाको शैल्यशिखर नगरपालिका वडा नं. ९ स्थित गोकुलेश्वर क्षेत्र तथा चौलानी नदी किनार आसपासका क्षेत्रमा गएको पहिरो तथा बाजुरा जिल्लाको गौमुल गाउँपालिका वडा नं. २ र ३ मा गएको पहिरोबाट जनजीवन प्रभावित भएको छ। यसैगरी, वर्षायाममा नदी किनारका बस्तीहरूमा बाढीको जोखिम उच्च रहने तथा विभिन्न समयमा सर्पदंशका घटनाहरू समेत बढ्न सक्ने रहेको हुँदा यस तर्फ समेत विशेष सावधानी अपनाउन अपरिहार्य छ।

मनसुनजन्य विपद्को जोखिमलाई न्यूनीकरण गर्दै धनजनको क्षति हुनबाट जोगाउन तथा सम्भावित विपद्को पूर्वतयारी र उद्धार कार्यलाई प्रभावकारी बनाउन निम्नानुसार गर्न गराउन सम्वन्धित सबै पक्षलाई हार्दिक अपिल गरिएको छ:

१. **उच्च सतर्कता र सुरक्षित स्थानमा बसोबासः** नदी किनार, खहरे खोलाको बहाव क्षेत्र तथा पहिरोको उच्च जोखिमयुक्त क्षेत्रमा बसोबास गर्नुहुने सम्पूर्ण नागरिकहरूले मौसमको अवस्थालाई ध्यानमा राखी सुरक्षित स्थानमा रहन वा आवश्यक पर्दा सुरक्षित आश्रयस्थल उपयोग गर्ने,

२. **सर्पदंश र स्वास्थ्य सुरक्षाः** वर्षाको समयमा सर्पदंशका घटनाहरू बढी हुने, सर्पदंशका बिरामीहरूलाई समयमै नजिकको स्वास्थ्य संस्थामा पुऱ्याउनुपर्ने र यसका लागि सम्बन्धित स्वास्थ्य संस्थाहरुले आवश्यक पूर्व तयारी गरि राख्ने ।

३. **सम्पूर्ण सुरक्षा निकायहरु हाई अलर्ट (High Alert) रहने**

४. **सरोकारवालाहरूको बीच समन्वय तथा सहकार्य :** स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति, गैरसरकारी संस्था तथा सम्पूर्ण सरोकारवालाहरूले आपसी समन्वय र सहकार्यमार्फत पूर्वतयारी, सूचना आदानप्रदान र राहत वितरणको कार्यलाई चुस्त दुरुस्त राख्ने।

विपद्को घडिमा आपसी समन्वय, सहकार्य र सूचना आदान प्रदान गर्न मन्त्रालय सदैव तत्पर रहेको व्यहोरा सहित विपद् जन्य अवस्थामा आपसी समन्वय सहकार्यका लागि देहाय बमोजिमका सम्पर्क नं. नम्वरमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा हार्दिक अनुरोध छ। विपद व्यवस्थापनको कार्यमा सहकार्य तथा तथा समन्वयका लागि हार्दिक धन्यबाद।

पवित्रा कुमारी पुरी
प्रवक्ता/उपसचिव

नोट: सुदूरपश्चिम प्रदेश आपतकालीन कार्य सञ्चालन केन्द्र (PEOC) .: ०९१५२१३२४/९७६२४७९३२८